## धारणा तथा सूझाब प्रस्तुत गर्ने सम्बन्धी सूचना !!

सम्माननीय प्रधानमन्त्री तथा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रीज्यूको निर्णयानुसार गठित अध्ययन तथा सुझाब समितिले नेपालको पर्वतीय पर्यटनमा पछिल्लो समयमा देखा परेका समस्याहरु तथा उल्लिखित समस्याहरु समाधान गर्नका लागि नीतिगत, कानूनी, संरचनागत र कार्यविधिगत सुधारका लागि अध्ययन तथा विश्लेषणको कार्य गरिरहेको हुँदा यस क्षेत्र सम्बद्ध व्यक्ति/संस्था/निकायहरुले तपशिल बमोजिमका विषयहरु साथै अन्य आवश्यक रहेका यस पर्वतीय पर्यटन क्षेत्रसँग सम्बन्धित विषयहरुमा रहेका समस्या तथा त्यस्ता समस्या समाधानका लागि गर्नु पर्ने सुधारका लागि आवश्यक सुझावहरु info@tourismdepartment.gov.np वा meeranpc@gmail.com पठाई सहयोग गरिदिनु हुन अनुरोध छ ।

**तपशिल**

क) नेपालको पर्वतीय पर्यटनमा देखिएका प्रमुख समस्याहरु

ख) समग्र हिमाल आरोहणमा अपनाउनु पर्ने मापदण्ड

ग) आठहजार मिटरमाथिका हिमाल आरोहणका लागि अवलम्वन गर्ने मापदण्ड साथै सगरमाथा आरोहणका लागि अवलम्बन गरिनु पर्ने आधारभूत पक्षहरु

घ) हिमाल आरोहण सम्बन्धी कार्यमा संलगन सरकारी निकायमा एवं कार्यसम्पादनमा हुनुपर्ने सुधारहरु

ङ) आरोहण कार्यमा संलग्न एजेन्सी (ट्रेकिङ्ग) ले गर्ने कार्यहरुमा/सेवाहरुमा हुनुपर्ने सुधारहरु

च) आरोहीमा हुनुपर्ने आधारभूत अनुभव/तालिम/ज्ञान/सीप/क्षमता/स्वास्थ्य अवस्था तथा आरोहीले प्रदर्शन गर्ने व्यवहार

छ) सरदार/गाइड/उचाइका कामदार सम्बन्धी

- निजहरुमा हुनुपर्ने न्यूनतम अनुभव/सीप/क्षमता/स्वास्थ्य अवस्था
- निजहरुको न्यूनतम् पारिश्रमिक/सामाजिक सुरक्षाका विषयमा अवलम्बन गरिनु पर्ने उपायहरु

ज) सम्पर्क अधिकृत सम्बन्धी व्यवस्थामा गर्नुपर्ने सुधार

झ) फोहोर व्यवस्थापनमा हुनुपर्ने सुधार

ञ) रोयल्टीमा गरिनु पर्ने सुधार

ट) खोजी/उद्दार/उपचार सम्बन्धी व्यवस्थामा गरिनु पर्ने सुधार

ठ) पदयात्रामा अवलम्बन गर्ने मापदण्ड

ड) निषेधित क्षेत्रसंग सम्बन्धित विषयमा गर्नुपर्ने सुधार

२०७६।३।१०